कार्यपालिका बैठक संख्या नं – १ (एक)

आज मिति २०७९ साल जेठ २३ गते सोमबारका दिन यस फिक्कल गाउँ कार्यपालिकाको प्रथम बैठक गाउँ कार्यपालिकाको अध्यक्ष श्री पार्वती सुनुवारज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी तपसिलका प्रस्तावहरूमाथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिः

श्री पार्वती सुनुवार – अध्यक्ष

श्री राजु बराल – उपाध्यक्ष

श्री होम बहादुर सुनुवार – १ नं. वडाध्यक्ष

श्री शंकर बहादुर भण्डारी – २ नं. वडाध्यक्ष

श्री टेक बहादुर रजन मगर – ३ नं. वडाध्यक्ष

श्री मोहन बहादुर मगर – ४ नं. वडाध्यक्ष

श्री बैकुण्ठलाल पहाडी – ५ नं. वडाध्यक्ष

श्री कुलेन्द्र बहादुर मगर – ६ नं. वडाध्यक्ष

श्री लिल बहादुर सुनुवार – कार्यपालिका सदस्य

श्री पूर्णमाया थापा मगर – कार्यपालिका सदस्य

श्री टिकामाया विश्वकर्मा – कार्यपालिका सदस्य

श्री तारा विश्वकर्मा – कार्यपालिका सदस्य

श्री सावित्रा कुमारी थापा मगर – कार्यपालिका सदस्य

श्री मंगलादेवी तामाङ – कार्यपालिका सदस्य

श्री शिवहरी दाहाल – प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव)

**कम्प्युटर सहयोगीः**

दिनेश भण्डारी – सूचना प्रविधि अधिकृत

निर्णयहरु:

१. **धन्यवाद ज्ञापन सम्बन्धमा।**

उल्लेखित प्रस्तावमा छलफल गर्दा भर्खरै सम्पन्न भएको स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा आफ्नो अमूल्य मत प्रदान गर्ने सम्पूर्ण मतदाताहरु, निर्वाचनलाई शान्तिपूर्ण, मर्यादित र व्यवस्थित रुपमा सम्पन्न गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने यस फिक्कल गाउँपालिकामा स्थापना भएको निर्वाचन अधिकृतको कार्यालयका निर्वाचन अधिकृत श्री डिकबहादुर कार्की, ३ वटै सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल), राजनैतिक दलका प्रतिनिधिहरु, नागरिक समाज, संचारकर्मी, निर्वाचन अधिकृतको कार्यालयमा खटिएका कर्मचारीहरु, मतदान अधिकृत लगायत मतदान केन्द्रमा खटिएका कर्मचारीहरु, म्यादी प्रहरी, स्वयमसेवक लगायतलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

२. **समिति / उपसमितिहरु गठन सम्बन्धमा।**

उल्लेखित प्रस्तावमा छलफल गर्दा यस स्थानीय सरकार संचालन ऐन, २०७४, फिक्कल गाउँपालिकाको कार्यसम्पादन नियमावली, २०७४ लगायका अन्य कानून बमोजिम गाउँकार्यपालिकामा रहने तपसिलका समितिहरुमा निम्न बमोजिमका पदाधिकारीहरु नियुक्त गर्ने निर्णय गरियो।

तपसिलः

विभागको प्रमुख र सदस्यहरुः

**क. स्थानीय राजश्व परामर्श समिति**

राजु बराल – संयोजक
मोहन बहादुर मगर – सदस्य
मंगलादेवी तामाङ – सदस्य
श्याम तामाङ – सदस्य
प्रेम बहादुर थापा मगर – सदस्य
राजश्व शाखा प्रमुख - सदस्य

**ख. श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति**

पार्वती सुनुवार – संयोजक

राजु बराल – सदस्य
टिकामाया विश्वकर्मा – सदस्य
लिल बहादुर सुनुवार – सदस्य
सावित्रा थापा मगर – सदस्य
तारा बहादुर विश्वकर्मा – सदस्य

### ग. बजेट तथा कार्यक्रम तर्जुमा समिति

राजु बराल – संयोजक
६ वटा विषयगत समितिका प्रमुखहरु – सदस्य
प्रमुख प्रशासकीय अधिकृत – सदस्य
योजना शाखाको प्रमुख – सदस्य

### घ. न्यायिक समिति

राजु बराल – संयोजक
पदम बहादुर कटुवाल – सदस्य
पुर्णमाया भुजेल – सदस्य

### ङ. सामाजिक विकास समिति

टेक बहादुर रजन मगर – संयोजक
नारायण सिं तामाङ – सदस्य
सावित्रा थापा – सदस्य

### च. पुर्वाधार विकास समिति

शंकर बहादुर भण्डारी – संयोजक
याम बहादुर सुनुवार – सदस्य
तिलमाया श्रेष्ठ – सदस्य

### छ. सेवा परामर्श तथा क्षमता विकास समिति

बैकुण्ठलाल पहाडी – संयोजक

आई बहादुर राई – सदस्य

राजन लुङ्गेली – सदस्य

### ज. वन तथा वातावरण र विपद व्यवस्थापन

लिल बहादुर सुनुवार – संयोजक

मोहन बहादुर मगर - सदस्य

जगत कुमारी वि.क. – सदस्य

### झ. आर्थिक विकास समिति

कुलेन्द्र बहादुर मगर – संयोजक

सिता दमाई – सदस्य

ज्ञानेन्द्र बहादुर तामाङ – सदस्य

### ञ. विधेयक तथा विधायन समिति

पूर्ण माया थापा मगर – संयोजक

होम बहादुर सुनुवार – सदस्य

तारा विश्वकर्मा – सदस्य

## ३. विविध

### ३.१ कार्यालय व्यवस्थापन सम्बन्धमा ।

उल्लेखित प्रस्तावमा छलफल गर्दा यस फिक्कल गाउँपालिकाको कार्यालयका विविध पक्षहरुको व्यवस्थापन गर्नको लागि आवश्यक ड्रईङ, डिजाईन र लागत अनुमान तयार गरी आगामी गाउँकार्यपालिकामा पेश गर्नको लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

प्रमुख प्रशासकीय अधिकृत श्री शिवहरी दाहाल – संयोजक

ई सागर दुलाल – सदस्य

लेखा सहायक श्री महेश्वर दाहाल - सदस्य

**३.२ प्रत्येक हप्ता सामुदायिक सरसफाई कार्यक्रम गर्ने सम्बन्धमा ।**

आगामी आर्थिक वर्षदेखि फिक्कल गाउँपालिका भरि प्रत्येक हप्ता सामुदायिक सरसफाई कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**३.३ आवश्यक समन्वय गर्ने सम्बन्धमा ।**

उल्लेखित प्रस्तावमा छलफल गर्दा संघीय र प्रादेशिक सरकार एवम् अन्य निकायबाट संचालित आयोजना / परियोजनाका सरोकारवाला कार्यालय / निकायहरुसँग आवश्यक समन्वय गरी कामलाई थप प्रभावकारी बनाउने, प्रगति र गुणस्तर कायम गर्न गाउँपालिकास्तरबाट आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

**३.४ पूर्व जनप्रतिनिधिहरुलाई सम्मान कार्यक्रम सम्बन्धमा ।**

उल्लेखित प्रस्तावमा छलफल गर्दा पहिलो स्थानीय सरकारका रूपमा स्थानीय तह निर्वाचन २०७४ मार्फत विभिन्न पदमा निर्वाचित भई सफलतापूर्वक आफ्नो ५ वर्षे कार्यकाल व्यतित गर्नुहुने पूर्व जनप्रतिनिधिज्यू हरुलाई मिति २०७९ साल आषाढ १० गते सम्मान कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**३.५ प्रत्येक गाउँपालिका बैठक तथा मासिक प्रगति विवरण गाउँपालिकाको वेभसाईट मार्फत सार्वजनिक गर्ने सम्बन्धमा ।**

उल्लेखित प्रस्तावमा छलफल गर्दा यसै गाउँकार्यपालिका बैठक देखिका हरेक कार्यपालिका बैठकका निर्णयहरु लाई गाउँपालिकाको वेभसाईट, मोबाईल एप्स र सामाजिक संजाल मार्फत सवैको जानकारीका लागि सार्वजनिक गर्ने निर्णय गरियो । साथै गाउँपालिकाको मासिक प्रगति विवरण हरेक महिनाको अन्तिममा गाउँपालिकाका प्रवक्ता मार्फत सार्वजनिक गरी वेभसाईटमा राख्ने निर्णय गरियो ।

**३.६ विपदका सम्बन्धमा जनचेतना जगाउँदै विपद प्रतिकार्य योजना निर्माण गर्ने सम्बन्धमा।**

उल्लेखित प्रस्तावमा छलफल गर्दा आउँदै गरेको मनसुनबाट हुनसक्ने विपतजन्य घटना लगायत अन्य विपतका घटनाहरुलाई मध्यनजर गर्दै सो बाट हुनसक्ने धनजनको क्षतिलाई न्यूनिकरण गर्न नागरिक सचेतनाका कार्यक्रम लगायत विपत प्रतिकार्य योजना निर्माण / तर्जुमा गर्ने निर्णय गरियो।

वर्षाद्को समयमा सवै वडा कार्यालयहरु सम्म जाने सडकलाई सधै सुचारू राख्नको लागि आवश्यक व्यवस्था मिलाउने, विपद सम्बन्धिका पूर्वसूचनाहरु ग्रुप एसएमएस मार्फत प्रवाह गर्ने र विपदबाट जोगिने उपायहरुका बारेमा विद्यालयहरुमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

यस गाउँपालिकामा संचालित २ वटा एम्बुलेन्सहरुमध्ये १ वटा एम्बुलेन्स सुम्नामपोखरी स्वास्थ्य चौकी र १ वटा एम्बुलेन्स सोल्पाठाना स्वास्थ्य चौकीमा राखी सेवा दिने निर्णय गरियो।

**३.७ सिसिटिभी हस्तान्तरण सम्बन्धमा।**

उल्लेखित प्रस्तावमा छलफल गर्दा यस गाउँपालिकाले निर्वाचन आयोगको निर्देशन अनुसार स्थानीय तह सदस्य निर्वाचन २०७९ को मतगणना स्थलमा जडान गरेको सिसिटीभी र सो सँग सम्बन्धित सम्पूर्ण उपकरण र प्रणालीहरु श्री सुनकोशी मा.वि. सोखुवेशीलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**३.८ गाउँपालिकामा आन्तरिक तथा बाह्य संचार सेवालाई व्यवस्थित गर्न ईन्टरकम सेवा जडान गर्ने सम्बन्धमा।**

उल्लेखित प्रस्तावमाथि छलफल गर्दा यस गाउँपालिकामा आन्तरिक तथा बाह्य संचार सेवालाई व्यवस्थित गर्न ईन्टरकम सेवा गाउँपालिकाको कन्टिजेन्सी शीर्षकबाट खर्च गर्ने गरी जडान गर्ने निर्णय गरियो।

**३.९ गाउँपालिकाको ओ एण्ड एम सर्भे रिपोर्ट सम्बन्धमा।**

उल्लेखित प्रस्तावमा छलफल गर्दा यस गाउँपालिकाको ओ एण्ड एम सर्भे गर्नको लागि परामर्शदाताले पेश गरेको रिपोर्ट अध्ययन गरी पेस गर्नको गर्न तपसिल बमोजिकको समिति गठन गर्ने निर्णय गरियो।

**तपसिलः**

श्री पार्वती सुनुवार – संयोजक
श्री राजु बराल – सदस्य
श्री टेक बहादुर रजन मगर – सदस्य

श्री शिवहरी दाहाल – सदस्य

श्री सुलोचना लुईटेल – सदस्य सचिव

**<u>३.१० गाउँपालिकाको डकुमेन्ट्री स्वीकृत सम्बन्धमा ।</u>**

उल्लेखित प्रस्तावमाथि छलफल गर्दा यस गाउँपालिकाको २०७८ चैत्र २२ गतेको गाउँ कार्यपालिकाको वैठकको निर्णय बमोजिम बुक्स राईटिङ नेपालद्वारा तयार गरिएको गाउँपालिकाको वृत्तचित्र (Documentary) स्वीकृत गरी गाउँपालिकाको वेबसाईट मार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

**<u>३.११ गैरसरकारी संस्थाहरुको कार्यक्रम, समीक्षा र आगामी कार्यक्रम सम्बन्धमा ।</u>**

उल्लेखित प्रस्तावमा छलफल गर्दा यस गाउँपालिकामा कार्यरत गैरसरकारी संस्थाहरुको कार्यक्रम, समीक्षा र आगामी कार्यक्रमको बारेमा छलफल गर्न मिति २०७९।०२।२६ गते कार्यक्रम राख्ने निर्णय गरियो ।

**<u>३.१२ जनप्रतिनिधिहरुको लागि काम, कर्तव्य र अधिकारको बारेमा अभिमुखिकरण कार्यक्रम सम्बन्धमा ।</u>**

उल्लेखित प्रस्तावमा छलफल गर्दा यस गाउँपालिकाका जनप्रतिनिधिहरुलाई जनप्रतिनिधिहरुको लागि काम, कर्तव्य र अधिकारको बारेमा जानकारी प्रदान गर्ने उद्देश्यले मिति २०७९।०२।२७ गते १ दिवसीय अभिमुखिकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**<u>३.१३ विपद, हावाहुरी र आगलागीले पुर्याएको क्षति सम्बन्धमा ।</u>**

उल्लेखित प्रस्तावमा छलफल गर्दा यस गाउँपालिकामा विभिन्न समयमा आएको हावाहुरीले यस गाउँपालिका वडा नं. ४ खाङसाङमा रहेको हंकाली प्रा.वि. सोखुको विद्यालय भवननको छाना उडाएकोले उक्त विद्यालय भवनको छाना राख्न प्राविधिक ईष्टिमेट गरी विद्यालय भवन मर्मत गर्नको लागि रु. ३ लाख रुपैया रकम विपद व्यवस्थापन कोष वा कन्टिजेन्सी शीर्षकबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**<u>३.१४ हरेक कार्यालयमा अनिवार्य ई – हाजिरी र राष्ट्रिय गान लागु गर्ने सम्बन्धमा ।</u>**

उल्लेखित प्रस्तावमा छलफल गर्दा यस गाउँपालिकाको कार्यालयमा अनिवार्य ई – हाजिरी र राष्ट्रिय गान लागु गर्ने निर्णय गरियो । साथै क्रमशः सवै कार्यालयहरुमा लागु गर्दै जाने निर्णय गरियो ।

**३.१५ आ.व. २०७९/८० को नीति, कार्यक्रम तयारीका लागि विज्ञहरुको परामर्श सम्बन्धमा।**

उल्लेखित प्रस्तावमा छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०७९/८० को नीति, कार्यक्रम तयारीका लागि विज्ञहरुको परामर्श सेवा लिने निर्णय गरियो।

**३.१६ गाउँपालिकाको प्रवक्ता तोक्ने सम्बन्धमा।**

उल्लेखित प्रस्तावमा छलफल गर्दा यस गाउँपालिकाको प्रवक्तामा ६ नं. वडाध्यक्ष श्री कुलेन्द्र बहादुर मगरलाई सर्वसहमत निर्णय गरियो।

**३.१७ झो.पु. हेरालुको तालिम तथा पारिश्रमिक सम्बन्धमा।**

उल्लेखित प्रस्तावमा छलफल गर्दा यस गाउँपालिकाका झो.पु. मा रहेका हेरालुहरुको तालिमको लागि आवश्यक व्यवस्था गर्ने र उक्त तालिम बापत लाग्ने नपुग सेवा शुल्क गाउँपालिकाको कन्टिजेन्सी शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो। साथै उक्त पुलहरुका १३ जना हेरालुहरुलाई प्रति महिना रु. १ हजारका दरले १२ हजारका दरले वार्षिक प्रति हेरालु रु. १२ हजार रुपैयाका दरले गाउँपालिकाको कन्टिजेन्सी शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**३.१८ गाउँपालिकाबाट सम्पादन भएका कामकारबाहीको समीक्षा कार्यक्रम सम्बन्धमा।**

उल्लेखित प्रस्तावमा छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०७८।०७९ को वैशाख मसान्त सम्म सम्पादन भएका कामकारबाही तथा प्रवाह भएका सेवाहरुको बारेमा कार्यपालिका सदस्य र सवै शाखाहरुको उपस्थितिमा मिति २०७९।०२।२३ गते कार्यपालिका बैठकमा गरियो। साथै उक्त समीक्षाको छुट्टै माईन्युटमा अभिलेखिकरण गरी व्यवस्थित गर्ने निर्णय गरियो।

**३.१९ ढुङ्गा गिट्टी वालुवा (दहत्तर बहत्तर) को ठेक्का रद्द गरी बैक ग्यारेण्टी जफत गर्ने सम्बन्धमा।**

उल्लेखित प्रस्तावमा छलफल गर्दा २०७९ जेठ मसान्तमा ढुङ्गा, गिट्टी, बालुवा (दहत्तर बहत्तर) को ठेक्काको म्याद समाप्त हुने भएकोले निज पहाडी निर्माण सेवाले हालसम्म कबोल गरेको कुनैपनि रकम गाउँपालिकाको राजस्व खातामा जम्मा नगरेको कारण निजसँगको ठेक्का सम्झौता रद्द गरी निजको बैङ्क ग्यारेण्टी यथाशिघ्र जफत गर्न सम्बन्धित बैँङ्कमा लेखि पठाउन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**३.२० ६ नं. वडा कार्यालयको प्रशासनिक भवन निर्माणको लागि निशुल्क जग्गा व्यवस्थापन सम्बन्धमा**

उल्लेखित प्रस्तावमा छलफल गर्दा यस फिक्कल गाउँपालिका वडा नं. ६ को वडा कार्यालयको प्रशासनिक भवन निर्माणको लागि आवश्यक पर्ने जग्गा सोही वडाका निवासीहरु श्री मुरारी प्रसाद भण्डारीको कित्ता नं. १८८ र १९० बाट २ रोपनी, श्री डिल्ली प्रसाद खतिवडाको कित्ता नं. ५८ बाट ४ आना, श्री पदम कुमारी खतिवडाको कित्ता नं. ९६ बाट १ रोपनी श्री लासन तामाङको कित्ता नं. ५५ बाट १ रोपनी गरी जम्मा कुल ४ रोपनी ४ आना जग्गा एक आपसमा प्लट मिल्ने गरी जग्गाधनीहरुले ६ नं वडा कार्यालयलाई मुख्य सडक (सोखु सालुके सिलुङ्गे) बाट प्रस्तावित वडा कार्यालय भवन सम्म पुग्ने ६ मिटर चौडाईको बाटो सहित निशुल्क उपलब्ध गराउन जग्गाधनीहरु मंजुर भई निर्णय भएको भनि ६ नं. वडा कार्यालयबाट लेखि आएकोले उक्त जग्गा वडा कार्यालयको नाममा पास गराउनको लागि सिफारिस गर्ने निर्णय गरियो।